प.सं. च.नं./Ref:

निर्वाचन आयोग नेपाल २०२३

मिति: २०७८।१।२८

# प्रेस विज्ञप्ति

## लुम्बिनी प्रदेशको रिक्त राष्ट्रिय सभा सदस्य उपनिर्वाचन कार्यक्रम

सम्वत् २०७८ साल जेठ १७ गते सोमबारका दिन सम्पन्न हुने लुम्बिनी प्रदेशको रिक्त राष्ट्रिय सभा सदस्य उपनिर्वाचन कार्यक्रम आयोगले आज मिति २०७८।१।२८ गते स्वीकृत गरेको छ। स्वीकृत कार्यक्रम अनुसार जेठ १ गते मतदाता नामावली प्रकाशन गर्ने र दावी विरोधको उजुरी दिने, जेठ २ र ३ गते प्राप्त निवेदन तथा उजुरी उपर छानवीन र कारवाही गर्ने तथा अन्तिम मतदाता नामावली प्रकाशन गर्ने, जेठ ४ गते उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने र मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने, जेठ ५, ६ र ७ गते उम्मेदवारको विरोधमा उजुरी दिने, मनोनयन पत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने तथा उम्मेदवारको नामावली प्रकाशन गर्ने, जेठ ८ गते उम्मेदवारले नाम फिर्ता लिने र जेठ ९ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम रहेको छ। कार्यक्रमको विस्तृत विवरण आयोगको वेबसाइट www.election.gov.np मा समेत उपलब्ध रहेको छ।

०७८।१।२८

(राजकुमार श्रेष्ठ)

सहसचिव एवं प्रवक्ता



कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३। फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np